मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail: info@mandavimun.gov.np
mandavimun2073@gmail.com

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्तिका लागि दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२५**

प्रस्तुत विषयमा माण्डवी गाउँ कार्यपालिकाको मिति २०७९/०३/३० गतेको निर्णय अनुसार रिक्त रहेको तपशिल बमोजिमको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा प्राविधिक कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेबसाइट www.mandavimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशिल**

**१. पदको विवरण**

| क स. | बिज्ञापन नं . | पद/श्रेणी | तह | माग गरिएको पद संख्या | परीक्षा दस्तुर(.रु) |
|---|---|---|---|---|---|
| ०१ | ०५/०७९/८० | कम्प्युटर अपरेटर | सहायक स्तर पाँचौ | १ | ७००/- |
| ०२ | ०६/०७९/८० | अमिन | सहायक स्तर चौथो | १ | ५००/- |

**२.आवश्यक न्युनतम योग्यता :**

***कम्प्युटर अपरेटर पदको लागिः*** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।

***अमिन पदको लागिः*** नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सी वा सो सरह उत्तीर्ण भई प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट अमिन कोर्ष पुरा गरेको ।

**३. आवश्यक कागजातः** (क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) हालसालै खिचिएको पासपोर्टसाइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यता तथा अनुभवका प्रमाणपत्रहरु (घ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू २ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ ।

**४. परिक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**५. दरखास्त दिने अन्तिम मितिः** २०७९/०५/०८ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

**६.सम्पर्क मिति :** २०७९/०५/०९ गते, परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ ।

**७. उमेरको हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**८. तलब स्केल :** गाउँपालिकाको नियम अनुसार ।

**९. करार अवधि :**२०७९ पौष मसान्त सम्म ।

**१०.थप जानकारीको लागि सम्पर्क नं :**.९८५७८३६००६, ९८५७८३३२३३ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

०७९/४/२५
... रिजाल
प्रमुख प्रशासकीय अधिकृत